# नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सोमनाथ गौतम
उपसचिव

# Enhancing Private Investment
# and
# Corporate Social Responsibility.

# प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सम्बन्धी व्यवस्था

- आयकर सम्बन्धी छुट, सुविधा वा सहुलियत,
- भन्सार महसलु सम्बन्धी छुट, सुविधा वा सहुलियत,
- लघु उद्यमको लागि अन्य सुविधा एवं सहुलियत,
- महिला उद्यमीका लागि थप सुविधा,
- औद्योगिक क्षत्रेमा सञ्चालित उद्योगहरुका सम्बन्धमा  विशेष व्यवस्था,
- थप सुविधा तथा सहुलियत,
- लिजमा जग्गा उपलब्ध गराउने,
- जग्गाको अधिकतम हदबन्दिमा छुट,
- प्रोत्साहन, छुट, सुविधा वा सहुलियतको प्रत्याभूति,
- राष्ट्रियकरण वा अधिग्रहण नगरिने,
- औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था,

# व्यापार लजिष्टिक्स नीति, २०७९

रणनीति: उत्थानशील आपुर्ती श्रृङ्खला प्रणालीको विकास गर्ने।

कार्यनीति:

- विपद् महामारी लगायतका अन्य असहज अवस्थामा आपुर्ति व्यबस्थालाई नियमित गर्न सवल आपुर्ति प्रणालीको विकास गरिनेछ।
- विपद् तथा महामारीको समयमा आपुर्ति व्यवस्थालाई नियमित गर्न बिभिन्न निकायबाट जारी भएका कार्यविधि तथा कार्य प्रक्रियाका बीचमा सामन्जस्यता कायम गरिनेछ।
- विपद् र विपदजन्य अवस्थामा आपुर्ति व्यवस्थालाई नियमित गर्न अन्तर सरकारी निकायको क्षमता विकास गरी समन्वयात्मक रूपमा परिचालन गरिनेछ।

# संस्थागत व्यवस्था

- मुख्य सचिवको अध्यक्षतामा समन्वय समिति {१४ सदस्यीय}
- सचिव {वाणिज्य तथा आपुर्ति हेर्ने} को अध्यक्षतामा कार्यान्वयन समिति {११ सदस्यीय}

# खानी तथा खनिज पदार्थ ऐन, २०४२

- खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुनसक्ने क्षति, कसैको जिउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नेक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठान ( इन्सटलेशन) मा हानी नोक्सानी हुन नदिन र भू-क्षय हुन नदिन आवश्यक आदेश दिन सक्ने ।
- खनिज कार्य गर्ने व्यक्तिले वातावरणमा उल्लेखनीय (सिग्निफिकेन्ट) प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन विभागले सम्बन्धित व्यक्तिलाई आवश्यक निर्देशन दिनेछ ।

- दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

# व्यावसायिक सामाजिक जिम्मेवारीः

- मझौला, ठुला उद्योग वा वार्षिक १५ करोड भन्दा बढि कारोबार हुने घरेलु वा साना उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनकालागि प्रत्येक आर्थिक वर्षमा वार्षिक खुद मुनाफाको कम्तिमा १ प्रतिशत रकम छुट्याउनु पर्ने।

- व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनकालागि छुट्याएको रकम विपद्को रोकथाम, नियन्त्रण तथा उद्दार लगायतको कुनै क्षेत्रमा खर्च गर्नु पर्ने ।

- व्यावसायिक सामाजिक जिम्मेवारी अन्तर्गत कुनै कार्य गर्दा सम्वन्धित स्थानीय तहको समन्वयमा गर्नुपर्ने।

# क्रमश:

- छुट्याएको वार्षिक रकमको कम्तिमा ५०% रकम सम्बन्धित उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गर्नु पर्ने।
- वार्षिक योजना तथा कार्यक्रम बनाउनु पर्ने।
- आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुने गरी खर्च गर्न नपाईने।
- यसरी छुट्याएको रकम आयकर प्रयोजनार्थ खर्च कट्टी गर्न पाईने।
- खर्च गरेको विवरण आर्थिक वर्ष व्यतित भएको ६ महिना भित्र पेश गर्नु पर्ने।

धन्यवाद